# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन २०७३

विषयः प्रेस विज्ञप्ती

भरतपुर महानगरपालिकाले भरतपुर महानगरपालिका क्षेत्रिभित्र बजार एवम् पार्किङ्ग व्यवस्थापन र सडक पेटीमा व्यवसाय गर्ने परिपाटीको अन्त्य गरी सुरक्षित सडक, हराभरा र व्यवस्थित महानगर निर्माण गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाइरहेको छ। यसको व्यवस्थापनका लागि भरतपुर महानगरपालिकाले महानगरभित्रका सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय र आवश्यक निर्देशन दिइरहेको छ।

बजार व्यवस्थित गर्न समस्याको रुपमा रहेको फूटपाथ व्यवस्थापन र सवारी पार्किङ्गको लागि उपयुक्त स्थान समेत तोकी कामकारबाही समेत अगाडि बढाइरहेको छ । यसरी व्यवस्थापन गर्ने क्रममा जथाभावी रुपमा सडकपेटीमा व्यवसाय गर्ने एक समूहले भाद्र २७ गते व्यवस्थापनमा खटिएका जिल्ला ट्राफिक प्रहरी कार्यालय र भरतपुर महानगरपालिकाका नगर प्रहरीहरुलाई समेत हतोत्साही गराउने उद्देश्यले सामाजिक सञ्जालमा ट्राफिक प्रहरी, कर्मचारी र फुटपाथ व्यवसायी बीच भरतपुरको चौबिसकोठीमा भएको विवादमा व्यवसायीको फलफूल प्रहरीले फालेको भन्ने भिडियो बनाई सामाजिक सन्जालमा नियोजित ढङ्गबाट अमर्यादित भिडियोहरु अपलोड गरी भरतपुर महानगरपालिकाको बजार ब्यवस्थापन कार्यप्रति भ्रम सृजना गर्ने गरेकोमा भरतपुर महानगरपालिका खेद व्यक्त गर्दछ। यस्ता अतिरन्जित कार्यहरु तत्काल रोकी भरतपुर महानगरपालिकाले तोकेको स्थानमा गई आ-आफ्नो व्यवसाय गर्न सम्बन्धित सबैलाई यसै विज्ञप्ती मार्फत भरतपुर महानगरपालिका हार्दिक अपिल गर्दछ। साथै आउँदा दिनमा व्यवस्थापनमा खटिएका प्रहरी, ट्राफिक प्रहरी तथा नगर प्रहरीहरुको मनोबल घटाउने खालका कुनैपनि गतिविधि नगर्न र त्यसो गरिएको पाइएमा कडा कारबाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

मितिः२०७५/०५/२९

..........................

(नेत्रप्रसाद सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत


056-520167, 521467, 530062, 526951, 522252, Fax: 056-520014
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np



Scanned by CamScanner